**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १० जून २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी भारतको सबैभन्दा लामो समयसम्म सेवा गर्ने निर्वाचित प्रधानमन्त्री बनिनु भएको छ।

२. पश्चिम बंगाल सरकारको मन्त्रीपरिषदमा विभाग बाँडफाँड गरिएको छ ।

३. राज्यमा नयाँ सरकार गठन भएपछि भारतीय प्रशासनिक सेवा (आईएएस) का १८ जना वरिष्ठ अधिकारीको फेरबदल भएको छ ।

४. दार्जिलिङ पहाडको समस्याको समाधानको निम्ति केन्द्र सरकारद्वारा नियुक्त इन्टरलोक्युटर पंकजकुमार सिंह तथा जीटीए प्रमुख अनित थापाबीच बैठक सम्पन्न भएको छ ।

५. मौसम विभागले आगामी 24 घण्टाको अवधिमा उत्तर बङ्गालमा भारी वर्षाको सम्भावना व्यक्त गरेको छ।

**मोदी कार्यकाल**

प्रधानमन्त्री नरेन्द्र मोदी आज भारतको सबैभन्दा लामो समयसम्म सेवा गर्ने निर्वाचित प्रधानमन्त्री बनिनु भएको छ। श्री मोदीले 26 मई 2014 मा प्रधानमन्त्रीको रूपमा शपथ लिन भएको थियो।उहाँले पण्डित जवाहरलाल नेहरूको रेकर्ड तोड्नुभएको छ।नेहरूले पहिलो पटक 13 मई 1952 मा निर्वाचित प्रधानमन्त्रीको रूपमा शपथ लिन भएको थियो र 27 मई 1964 सम्म पदमा आसीन रहनुभएको थियो।निर्वाचित प्रधानमन्त्रीको रूपमा पण्डित नेहरूको कार्यकाल 4 हज़ार 398 दिन थियो। 26 मई 2014 देखि आज 10 जून 2026 सम्म, प्रधानमन्त्री मोदीको निरन्तर कार्यकाल अब 4 हज़ार 399 दिन पुगेको छ **(प्रधानमन्त्री नरेन्द्र मोदीको यो उपलब्धि विशेष रूपमा उल्लेखनीय छ किनकि 140 करोडभन्दा बढी जनसंख्या भएको भारत जस्तो देशको शासन र प्रशासन अत्यन्तै विशाल र जटिल छ।भाषाई, सांस्कृतिक, धार्मिक तथा भौगोलिक विविधताले भरिपूर्ण यस राष्ट्रको सफल नेतृत्व र सञ्चालन गर्नु आफैमा एउटा ठूलो जिम्मेवारी र चुनौती हो** ।यस्तो समयमा जब **अनेकौ देशहरूले राजनीतिक अस्थिरता, सरकारहरूमा बारम्बार परिवर्तन तथा नीतिगत अनिश्चितता अनुभव गरिरहेको बेला, भारतले नेतृत्व र शासनमा निरन्तरता पाएको छ।यसले विश्वको सबैभन्दा ठूलो लोकतन्त्रमा लगातार तीन पटक राष्ट्रिय जनादेश द्वारा उहाँमाथि कायम रहेको जनताको विश्वासलाई दर्शाउँदछछ। स्वतन्त्र विश्वव्यापी सर्वेक्षणहरूमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई लगातार विश्वका सर्वाधिक लोकप्रिय लोकतान्त्रिक नेताहरूमा स्थान दिईएको छ।उहाँलाई हालसम्म 30 भन्दा बढी देशहरूले सर्वोच्च नागरिक सम्मानबाट पनि सम्मानित गरिसकेका छन्।प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यकालमा लगभग 25 करोड भारतीय बहुआयामी गरिबीबाट बाहिर निस्केका छन् र व्यापक सामाजिक-आर्थिक प्रगति भएको छ। दिल्लीबाट अनुपम मिश्रको रिपोर्टका साथ समाचार कक्षबाट म रोशनी छेत्री)**

राष्ट्रपति द्रौपदी र उपराष्ट्रपति सी पी राधाकृष्णन सगै बिभिन्न केन्द्रीय मन्त्रीगण, बिभिन्न राज्यका मुख्यमंत्रीहरु सगै बिस्व नेताहरुले प्रधानमन्त्री मोदीलाई देशको सबै भन्दा लामो समयसम्म निर्वाचित प्रधानमंत्री रहेकोमा बधाई दिनुभएको छ।

**मोदी पश्चिम बंगाल बधाई**

मुख्यमंत्री शुभेंदु अधिकारीले आज बिहान न्यूटाउन स्थित राम मंदिरमा प्रधानमंत्री नरेंद्र मोदीको दीर्घायु र सफल नेतृत्वको कामना गर्दै विशेष पूजा गर्नुभयो।पूजा-अर्चना पछि सञ्चारकर्मीसितको कुराकानीमी मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नुभयो ,उहाँले भगवान श्री रामसित भारत आगामी दिनमा विश्वगुरुको रूपमा स्थापित होस् भनेर प्रार्थना गरेको बताउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीको दीर्घायु, सु-स्वास्थ्य र देशको निरन्तर विकासको लागि प्रार्थना गर्न आज सिलगढीमा एक विशेष प्रार्थना सभाको

आयोजना गरिएको थियो।यो कार्यक्रम सिलगढी संगठनात्मक जिल्ला भारतीय जनता पार्टी द्वारा शहरको रामकृष्ण आश्रममा आयोजना गरियो, जसमा राज्यमन्त्री तथा सिलगढीका विधायक शंकर घोष सहित धेरै पार्टी नेता र कार्यकर्ताहरू उपस्थित थिए।कार्यक्रमपछि पत्रकारहरूसित कुरा गर्दै शंकर घोषले नरेन्द्र मोदी देशको इतिहासमा सबैभन्दा लामो समयसम्म निर्वाचित प्रधानमन्त्रीको रूपमा काम गर्ने व्यक्ति भएको बताउनुभयो। उहाँको नेतृत्वमा भारत विकासको नयाँ उचाइमा पुगेको छ। दाजीलिङका सासंद राजु विष्टले भन्नुभयो प्रधानमन्त्रीको रूपमा श्री मोदीले कुनै चुनाउमा पराजित नभई एतिहासिक रेकर्ड बनाउनु भएको छ। उहाँले प्राप्त 32 अन्तर्राष्ट्रीय सम्मान एवम् मान्यता, तथा विदेशी संसदहरूमा उहाँका 19 सम्बोधनहरूबाट उहाँको वैश्विक श्रेष्ठताको प्रमाण पाईन्छ ।

**विभाग-बंटवारा**

पश्चिम बंगालको नयाँ सरकारमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले मन्त्रीपरिषदमा विभाग बाँडफाँड गर्नुभएको छ । राज्य सरकारको गृह र पहाडी मामिला विभागले जारी गरेको एक अधिसूचनाका अनुसार मुख्यमन्त्रीले धेरै महत्त्वपूर्ण विभागहरू कायम राख्नुभयो भने क्याबिनेट मन्त्रीहरू, स्वतन्त्र प्रभारका राज्य मन्त्रीहरू र राज्यमन्त्रीहरूलाई विभिन्न जिम्मेवारीहरू दिइएको छ।

**विभागको बाँडफाँडसँगै नयाँ सरकारको प्रशासनिक संरचना पूर्णरुपमा क्रियाशील भएको छ । मुख्यमन्त्री सुवेेन्दु अधिकारीले गृह तथा पहाडी मामिला विभाग, भूमि तथा भूमिसुधार तथा शरणार्थी राहत तथा पुनःस्थापना, ऊर्जा विभाग, सूचना तथा संस्कृति विभाग,**

**कार्मिक तथा प्रशासनिक सुधार विभागलगायत सबै विभाग राख्नुभयो । यसबाट सरकारको आन्तरिक सुरक्षा, प्रशासनिक नियन्त्रण र भूमिसम्बन्धी नीतिमाथि मुख्यमन्त्रीको प्रत्यक्ष निगरानी हुने स्पष्ट छ । निसिथ प्रमाणिकलाई उत्तर बंगाल विकास विभाग र जल संसाधन अनुसन्धान तथा विकास विभागको जिम्मेवारी दिइएको छ । अशोक कीर्तनियालाई खाद्य तथा आपूर्ति विभाग र सहयोग विभागको जिम्मेवारी दिइएको छ । दिलीप घोषलाई पञ्चायत तथा ग्रामीण विकास विभाग र कृषि पम्पिङ विभागको मन्त्री बनाइएको छ । खुदीराम टुडुलाई आदिवासी विकास विभाग, अल्पसंख्यक मामिला विभाग र मदरसा शिक्षा विभागको जिम्मेवारी दिइएको छ भने अग्निमित्रा पललाई सहरी विकास तथा सहरी मामिला विभागको जिम्मेवारी दिइएको छ । यस्तै दीपक बर्मनलाई स्कूल शिक्षा विभाग, आवास विभाग, लघु, साना तथा मझौला उद्यम र वस्त्र विभागको जिम्मेवारी दिइएको छ । उद्योग, वाणिज्य तथा उद्यम विभाग, सार्वजनिक व्यवसाय तथा औद्योगिक पुनर्निर्माण विभाग र अपरम्परागत तथा नवीकरणीय ऊर्जा स्रोत विभागको जिम्मेवारी तापस रायलाई दिइएको छ । शंकर घोषलाई संसदीय मामिला विभाग र पर्यटन विभागको जिम्मेवारी दिइएको छ भने मनोजकुमार उरांवलाई वन विभाग र वातावरण विभागको मन्त्री बनाइएको छ । यसबाहेक अर्जुन सिंहलाई श्रम र यातायात विभागको जिम्मेवारी दिइएको छ । गौरीशंकर घोषलाई पिछडिएको वर्ग कल्याण विभाग र सार्वजनिक शिक्षा विस्तार तथा पुस्तकालय सेवा विभागको जिम्मेवारी दिइएको छ । जगन्नाथ चट्टोपाध्यायलाई उच्च शिक्षा र प्राविधिक शिक्षा विभाग, तालिम तथा सीप विकास विभागको जिम्मेवारी दिइएको छ । स्वपन दासगुप्तालाई राज्यको वित्त विभाग दिइएको छ, जुन सरकारको सबैभन्दा महत्वपूर्ण आर्थिक विभाग मानिन्छ । कल्याण चक्रवर्तीलाई सूचना प्रविधि र इलेक्ट्रोनिक्स विभाग, विज्ञान र प्रविधि विभाग र बायोटेक्नोलोजी विभाग र खाद्य प्रसंस्करण उद्योग र बागवानी विभागको जिम्मेवारी दिइएको छ। डा. शरद्वत मुखर्जीलाई स्वास्थ्य र परिवार कल्याण विभागको जिम्मेवारी दिइएको छ। सिँचाइ तथा जलमार्ग विभागको जिम्मा अरूपकुमार दासलाई दिइएको छ । अजयकुमार पोद्दारलाई लोक स्वास्थ्य अभियंत्रण विभाग र लोक निर्माण विभागको मन्त्री बनाइएको छ । दुग्ध कुमार मण्डललाई कृषि विभागको जिम्मा दिइएको छ ।**

**शुभेन्दु सरकारमा तीन राज्यमन्त्रीलाई स्वतन्त्र प्रभार दिइएको छ । महिला तथा बाल विकास तथा समाज कल्याण विभाग, स्वयं सहायता समूह र स्वरोजगार विभाग र कार्यक्रम निगरानी विभागको स्वतन्त्र जिम्मेवारी मालती रावा रायलाई दिइएको छ । राजेश महतालाई पशुस्रोत विकास विभाग र मत्स्य पालन विभागको जिम्मेवारी दिइएको छ । युवा कल्याण तथा खेलकुद विभाग र उपभोक्ता मामिला विभागको स्वतन्त्र प्रभार डा इन्द्रनील खानलाई दिइएको छ ।**

**शुभेन्दु सरकारमा १९ विधायकलाई राज्यमन्त्री बनाइएको छ । जोएल मुर्मुलाई आदिवासी विकास विभाग र सिँचाइ तथा जलमार्ग मन्त्रालयको राज्य मन्त्री बनाइएको छ । हरेकृष्ण बेरालाई उच्च शिक्षा तथा प्राविधिक शिक्षा, तालिम तथा सीप विकास राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ । आनन्दमय बर्मनलाई यातायात विभाग र अर्थ मन्त्रालयको राज्य मन्त्री बनाइएको छ । अशोक डिण्डालाई कृषि बजार र लघु, साना तथा मझौला उद्योग र टेक्सटाइल विभागको जिम्मेवारी दिइएको छ । चन्द बाउरीलाई सार्वजनिक निर्माण विभाग र पिछडिएको वर्ग कल्याण राज्यमन्त्री बनाइएको छ । विशाल लामालाई गृह र पहाडी मामिला विभाग, अल्पसंख्यक मामिला र मदरसा शिक्षा विभागको जिम्मेवारी दिइएको छ। शान्तनु प्रमाणिकलाई खाद्य तथा आपूर्ति तथा पञ्चायत तथा ग्रामीण विकास**

**मन्त्रालयको राज्य मन्त्री बनाइएको छ। उद्योग, वाणिज्य तथा उद्यमशीलता विभाग र विज्ञान तथा प्रविधि तथा जैविक प्रविधि विभागमा मौमिता विश्वास मिश्रलाई जिम्मेवारी दिइएको छ।**

## प्रशासनिक फेरबदल

पश्चिम बंगालमा नयाँ सरकार गठन भएपछि भारतीय प्रशासनिक सेवा (आईएएस) का १८ जना वरिष्ठ अधिकारीको फेरबदल भएको छ।

कार्मिक तथा प्रशासनिक सुधार विभागले जारी गरेको सूचनाका अनुसार राज्यपालको स्वीकृतिपछि ती अधिकारीहरूलाई तत्काल लागू हुने गरी नयाँ जिम्मेवारी दिइएको छ। प्रशासनिक दक्षता र जनहितलाई ध्यानमा राखेर यो परिवर्तन गरिएको सरकारले जनाएको छ। सन् १९९३ ब्याचका वरिष्ठ अधिकारी अनुप कुमार अग्रवाललाई कार्मिक तथा प्रशासनिक सुधार विभाग र सूक्ष्म, लघु तथा मध्यम उद्यम तथा वस्त्र विभागको अतिरिक्त मुख्य सचिवमा नियुक्त गरिएको छ। नया दिल्ली स्थित प्रधान आवासीय आयुक्त दुष्यंत नारियालालाई राष्ट्रीय राज्य प्रशासन एवं प्रशिक्षण संस्थानको महानिदेशक तथा राज्य तकनीकी एवं सेवा चयन आयोगको अध्यक्षको अतिरिक्त जिम्मेवारी दिइएको छ। यस्तै नन्दिनी चक्रवर्तीलाई विज्ञान तथा प्रविधि तथा जैविक प्रविधि विभागको अतिरिक्त मुख्य सचिव बनाइएको छ भने यातायात विभागको प्रधान सचिवमा डा. रवि इन्दर सिंहलाई नियुक्त गरिएको छ। युवा सेवा तथा खेलकुद विभागको अतिरिक्त मुख्य सचिवमा राजेश पाण्डेलाई नियुक्त गरिएको छ। सुरेन्द्र गुप्तालाई भूमि तथा भूमिसुधार तथा शरणार्थी, राहत तथा पुनस्थापना विभागको प्रधान सचिवमा, यस्तै राजेशकुमार सिन्हालाई सिँचाइ तथा जलमार्ग विभागको प्रमुख सचिवको जिम्मेवारी दिइएको छ। यस्तै सचिव तहमा पनि ठूलो परिवर्तन भएको छ। जसमा डा. सौमित्र मोहन सूचना र सांस्कृतिक मामिला विभागको सचिवको अतिरिक्त प्रभार पनि दिइएको छ भने खाद्य तथा आपूर्ति विभागको महिला तथा बाल विकास तथा समाज कल्याण विभागका सचिव जगदीशप्रसाद मीणा थप सचिवमा नियुक्त भएका छन्। यसबाहेक मुक्ता आर्यालाई सुन्दरवन मामिला विभागको सचिव र रचना भगतलाई श्रम विभागको सचिवमा नियुक्त गरिएको छ भने आर विमलालाई उत्तर बङ्गाल विकास विभागको जिम्मेवारी दिइएको छ।

## तृणमूल कांग्रेस सांसद इस्तीफा

तृणमूल कांग्रेसकी सांसद सुष्मिता देवले राज्यसभाबाट राजीनामा दिनुभयो। उहाले आफ्नो राजीनामा राज्यसभाका अध्यक्ष सीपी राधाकृष्णनलाई पठाउनु भएको हो। राजीनामापछि उहाले नयाँ दिल्लीमा असमका मुख्यमन्त्री हिमंत बिस्वा सरमासँग भेट गर्नुभयो। यसअघि सोमबार तृणमूल कांग्रेसका वरिष्ठ नेता तथा राज्यसभा सदस्य सुखेंदु शेखर रोयले राज्यसभा र पार्टी दुवैबाट राजीनामा दिएका थिए। यसैबीच राज्यसभाका अध्यक्ष सीपी राधाकृष्णनले राज्यसभा सांसद सुष्मिता देवको राजीनामा स्वीकार गर्नुभएको छ।

## Kalimpong

कालेबुङका विधायक भरत छेत्रीको बिशेष उपस्थितिमा एमआर डिलर्स एसोसिएशन र खाद्य तथा आपूर्ति विभागका अधिकारीहरूबीच संयुक्त बैठक आयोजना गरियो। एमआर डिलरहरूले सामना गरिरहेका विभिन्न परिचालन चुनौतीहरूको बारेमा रचनात्मक छलफल गर्न र सरोकारवाला र सम्बन्धित विभागबीच समन्वयको माध्यमबाट व्यावहारिक समाधानहरू पहिचान गर्न बैठक बोलाइएको थियो। बैठकको क्रममा, एमआर डिलर्स एसोसिएसनका सदस्यहरूले तत्काल हस्तक्षेपको आवश्यकता पर्ने धेरै मुद्दाहरूमा प्रकाश पारे, जसमा वितरण-सम्बन्धित चिन्ताहरू, पूर्वाधार बाधाहरू, र लाभार्थीहरूलाई आवश्यक वस्तुहरूको प्रभावकारी वितरणमा असर गर्ने अन्य चुनौतीहरू समावेश छन्। सभालाई सम्बोधन गर्दै विधायक भरत छेत्रीले खाद्य सुरक्षा सुनिश्चित गर्न र सरकारी कल्याणकारी लाभहरू तल्लो तहसम्म पुर् याउन उचित मूल्य पसलहरूले खेलेको महत्त्वपूर्ण भूमिकामाथि जोड दिनुभयो। उहाले भन्नुभयो यो बैठक खुला संवादको लागि एक साझा प्लेटफर्म प्रदान गर्न आयोजित गरिएको थियो, जसले डिलर र विभाग दुवैलाई चिन्ताको बारेमा छलफल गर्न, समाधानहरू पत्ता लगाउन र यस क्षेत्रमा सार्वजनिक वितरण प्रणाली (पीडीएस) लाई बलियो बनाउन सक्षम गर्दछ। अर्कोतिर खाद्य र आपूर्ति विभागका अधिकारीहरूले डिलरहरूले उठाएका गुनासोहरू सुन्दै यस मुद्दाहरूलाई प्राथमिकतामा जाँच गरिने तथाआवश्यक कदमहरू चालिइने बताए।

## इन्टरलोक्युटर-थापा-भेट

दार्जिलिङ पहाडको समस्याको समाधानको निम्ति केन्द्र सरकारको निर्देशनमा पहाडमा रहेका इन्टरलोक्युटर पंकजकुमार सिंहसित जीटीए प्रमुख अनित थापाले आज भेट गरेका छन्। जीटीए प्रमुख थापाले आज जारी एक प्रेस विज्ञप्तिमा, आरआर ब्लकस्थित तकदाह फरेस्ट गेस्ट हाउसमा इन्टरलोक्युटर पंकजकुमार सिंहको निमन्त्रणामा जीटीएको प्रमुख कार्यपालको हैसियतमा

आज उनीसँग भेट गरेको बताउनुभयो। 45 मिनटको बैठकमा जीटीए प्रमुख अनित थापा र इन्टरलोक्युटर पंकजकुमार सिंहमाझ पहाडको स्थायी राजनीति समाधानमाथि चर्चा गरेको जानकारी प्राप्त भएको छ।

**मौसम**

हाल पश्चिम बङ्गालमा भीषण गर्मी र आद्रताले मानिसहरूको बेहाल छन। कोलकातामा बिहान 8 बजेदेखि नै गर्मीको प्रभाव देखियो भने जसका कारण दिनभरि नै मानिसहरूलाई विभिन्न असुविधाको सामना गर्न परिरहेको छ। तथापि मौसम विभागानुसार आजदेखि राज्यका केही जिल्लाहरूमा आंशिक राहत पाउन सकिने तथा कालबैसाखीको प्रभावले कतिपय स्थानहरूमा तीव्र हुरी तथा वर्षा हुने सम्भावना व्यक्त गरिएको छ। मौसमको पूर्वानुमान अनुसार कोलकाता तथा यस वरपरका क्षेत्रहरूमा आगामी 24 घण्टाको अवधिसम्म आकाशलाई आंशिक रूपमा बादलले ढाकिरहनसक्छ। दक्षिण बङ्गालमा मौसमको स्वरूप भिन्न-भिन्न जिल्लाहरूमा भिन्न-भिन्नै रहनेछ। केही क्षेत्रहरूमा मेघ गर्जनसितै वर्षा तथातीव्र हावाको अलर्ट जारी गरिएको छ। कतिपय स्थानहरूमा हावाको गति 50-60 किलोमीटर प्रतिघण्टासम्म पुग्नसक्छ। तीव्र हावाको कारणले रूख ढलेर बिजुली आपूर्ति प्रभावित हुने आशङ्का व्यक्त गरिएको छ। यता उत्तर बङ्गालको मौसम पूर्ण रूपले वर्षा अनुकूल भएको छ। दार्जीलिङ, कालेबुङ, जलपाईगुड़ी, कुचबिहार तथा अलिपुर सहित पहाड़ी अनि तराई क्षेत्रमा आगामी 24 घण्टाको अवधिमा तीव्र वर्षा हुने सम्भावना व्यक्त गरिएको छ। केही स्थानहरूमा घना वर्षासितै तीव्र हावा चल्ने अनुमान व्यक्त गरिएको छ।

**उज्ज्वल विश्वास**

पश्चिम बंगालमा राहत सामग्रीमा अनियमितता गरेको आरोपमा पूर्व कारागार मन्त्री उज्ज्वल विश्वासलाई लामो सोधपुछपछि पक्राउ गरिएको पुलिसले जनाएको छ। राहत सामग्री घोटालालाई लिएर हिजो उनको घर बाहिर ठूलो विरोध प्रदर्शन भएको थियो । यस क्रममा आक्रोशित भीडले उनीहरुमाथि अण्डा पनि फ्याँकेका थिए । स्थिति बिग्रिएपछि पुलिसले उनलाई घटनास्थलबाट बाहिर निकालेर हिरासतमा लिएको र पछि राति अबेर सोधपुछपछि पक्राउ गरेको थियो ।

**********